# मिति २०७८।०१।२० गतेको नगर कार्यपालिका बैठकको निर्णयहरु

**निर्णय नं. १ :** यस उप-महानगरपालिका भित्र होम आइसुलेसनमा बसेका कोरोना पोजिटिभ बिरामीहरुलाई स्वास्थ्य सस्थाबाट कामकाजमा खटिनु भएको स्वास्थ्यकर्मीहरुले नियमित फोन सम्पर्क गरी रेर्कड व्यवस्थापन गर्न आवश्यक निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. २ :** यस उपमहानगरपालिका नगरकार्यपालिका कार्यालय अर्न्तगत सबै वडा कार्यालयहरुमा संचालन हुन नसकेका आ.व. ०७७०७८ को योजनाहरु बाट कोभिड १९ माहामारी व्यावस्थापन को लागि बढीमा रु १०,००००००।- (अक्षेरुपी रु दस लाख) सम्म रकमान्तर तथा शिर्षकान्तर गरी आवश्यक होल्डीङ सेन्टर,आइसुलेसन सेन्टर ,आवश्यक औषधी सेट हरुमा खर्च गर्न वडाले रकमान्तर शिर्षकान्तर गर्न सक्ने गरि निर्णय गरियो ।

**निर्णय नं. ३ :** यस उप-महानगरपालिका भित्र बढदै गईरहेको नयाँ भेरियन्ट सहितको कोभिड १९ सङ्कमणको महामारी व्यवस्थापन गर्न नेपालगंज उप-माहानगरपालिका वडा नं ९ मा रहेको बालमन्दिर भवनलाई कोभिड आइसुलेसन सेन्टर संचालनको लागि नगरपालिकाको नगरस्तरीय योजनाबाट योजना संचालन हुन नसकेको योजनाहरुबाट रकमान्तर शिर्षकान्तर गरी १०,०००००। (अक्षेरुपी दस लाख) बालमन्दिर भवनलाई आइसुलेसन सेन्टर निर्माणगर्न खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ :** यस उपमहानगरपालिका भित्र ठेक्का बाट संचालनमा रहेका संघ तथा प्रदेशका योजनाहरुको लागि प्राप्त रकमहरु मध्ये ठेक्काहरु बाट बाँकी बचेको रकम सोही योजनाको बाकी थप कामको लागि खर्च गर्ने निर्णय गरियो ।

**निर्णय न. ५ :** यस उपमहानगरपालिकाको भेरी अस्पताल भित्र बिरामी र बिरामी कुरुवाहरु लाई सहुलियत दरमा खाना व्यवस्था गर्न श्री अन्जनी माता रसोइले संचालन तथा व्यवस्थापनको लागि थप १,५०,०००।-(एक लाख पचास हजार) अपुग भएको भनी यस उप-माहानगरपालिका सग माग गरेकोले माग बमोजीम रकम श्री अन्जनी माता रसोइलाई उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय न. ६ :-** नेपालगंज उप-महानगरपालिका भित्र बढदै गईरहेको नयाँ भेरियन्ट सहितको कोभिड १९ सङ्कमणको जटील अवस्थालाई अध्ययन गरि यस नेपालगंज उप-महानगरपालिकामा मेडीकल संकट दखिएको हुँदा केन्द्र र प्रदेश लाई पुर्णरुपमा जिम्मेवारी लिई नयाँ भेरियन्ट सहितको कोभिड १९ सङ्कमण नियन्त्रणको लागि आवश्यक सहयोग गर्न अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय न. ७ :-** यस उप-महानगरपालिकाको कार्यालय र नगरकार्यपालिका अन्तर्गत २३ बटै वडा कार्यालयहरु बाट यो संकटको घडीमा दिनुपर्ने अत्यावश्यक तथा अन्य सेवा प्रवाह गर्न कोभिड १९ सङ्कमण नभएका सबै कर्मचारीहरु अनिवार्यरुपमा उपस्थितहुन निर्णय गरियो ।



Scanned with CamScanner